नेपाल सरकार

युवा तथा खेलकुद मन्त्रालय

(युवा परिचालन तथा परामर्श शाखा)

सिंहदरबार, काठमाडौं
नेपाल ।

विषयः युवा प्रकाशन (बार्षिक बुलेटिन) पत्रिकाको लागि लेख रचना उपलब्ध गराउने सम्बन्धी सूचना ।

युवा तथा खेलकुद मन्त्रालयले बार्षिक रुपमा प्रकाशन गर्ने युवा प्रकाकशन (बार्षिक बुलेटिन) २१औं अंक प्रकाशन हुन गइरहेको हुँदा उक्त अंकमा लेख रचना समावेश गर्न इच्छुक विद्वान लेखकहरुबाट यही २०७८ फागुन मसान्त भित्र अन्यत्र कतै प्रकाशन तथा मुद्रित नभएका लेख रचना आह्वान गरिन्छ । लेख रचना युवा तथा खेलकुदसँग सम्बन्धित खोजमूलक तथा अनुसन्धानमूलक हुनुपर्नेछ । प्रकाशनको लागि पठाइने लेख रचनाको माध्यम भाषा नेपाली भए Unicode (Kalimati) फन्टको साइज १४ र अंग्रेजी भए Times New Roman फन्टको साइज १२ मा टाइप गरिएको कम्तीमा २५०० देखि ३५०० शब्द सम्मको हुनुपर्नेछ । लेखकले आफ्नो लेख रचनामा अनिवार्य रुपमा उल्लेख गर्नुपर्ने विषयहरु देहाय बमोजिम रहेका छन्:

क. लेखको शुरुमा लेखको सार जनाउने सारांश

ख. मुख्य लेख/विषयवस्तु

ग. अन्त्यमा निष्कर्ष

घ. लेख तयार पार्न प्रयोग भएका सन्दर्भ सामाग्री

लेख रचनाका साथ लेखकले आफ्नो परिचय खुल्ने गरी सम्पर्क निकाय, पद, इमेल ठेगाना, फोटो र फोन नम्बर पनि उल्लेख गरी पठाउन समेत अनुरोध गरिन्छ । लेख रचनाहरु मन्त्रालयको इमेल ठेगाना info@moys.gov.np मार्फत पनि पठाउन सकिनेछ । यस सम्बन्धी विस्तृत जानकारी मन्त्रालयको युवा परिचालन तथा परामर्श शाखाबाट लिन सकिने व्यहोरा समेत जानकारीका लागि अनुरोध छ ।

पुनश्चः उल्लेखित विवरणको अनुसारको अंग पूरा नगरेका लेख रचनाहरु प्रकाशन गर्न सम्पादक मण्डल बाध्य हुने छैन । साथै आफ्ना लेखहरुको शुद्धाशुद्धीक परीक्षण गरी बुझिने गरी पठाउन हुन समेत अनुरोध छ ।

मितिः २०७८।१०।२६

फोन नं.:- ४२००५४२ (प्रशासन), ४२००५५३ (योजना), ४२००५४४ (युवा), ४२००५५० (खेलकुद), ४२००५४३ (आ.प्र)
फ्याक्स नं. : ४२००५५२, इमेल: info@moys.gov.np, वेभसाइट: www.moys.gov.np